# बजार अनुगमन प्रतिवेदन २०८०

( शहिदलखन गाउँपालिका, घैरुङ गोरखा )

## शहिदलखन गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७५ अनुसार पालिका भित्र रहेका बजारमा गरिएको अनुगमन प्रतिवेदन

**प्रस्तुतकर्ता**

**पूर्ण बहादुर महतराज**

**अनुगमन सँयोजक**

**शहिदलखन गाउँपालिका, घैरुङ गोरखा ।**

शहिद लखन गाउँपालिका
घैरुङ, गोरखा
दर्ता नं. :- ३०९

# बजार अनुगमन प्रतिवेदन

उद्देश्य ।

शहिद लखन गाउँपालिकाको बजार अनुगमनका लागि निर्देशिका २०७५ अनुसार नागरिकहरुलाई स्वस्थ खाद्यवस्तुको मात्र विक्री तथा प्रयोग गर्न लगाउने, स्थानीय तहमा व्यवसाय दर्ता गरेर मात्र व्यापार गर्न प्रोत्साहन गर्ने र राजश्व वृद्धि गर्ने उदेश्यले बजार अनुगमन गरिएको हो ।

विस्तृत

शहिदलखन गाउँपालिकाबाट गरिने बजार अनुगमनका निर्देशिका २०७५ प्रमाणिकरण मिति २०७५।०१।२० अनुसार शहिदलखन गाउँपालिकाले मिति २०८० साल असोज १९ गतेदेखि असोज २३ गते सम्म शहिदलखन गाउँपालिका उपाध्यक्ष इन्दिरा तिवारीको नेतृत्वमा पालिकाको वडा नम्बर २,३, ६, ७ र ८ मा २९९ वटा पसलमा अनुगमन सम्पन्न भयो । अनुगमनका क्रममा विभिन्न प्रकारका ३२ सामग्रीहरु बरामद गरिएको थियो । सामग्रीहरुको नाम तल लेखिए बमोजिम रहेको छ ।

**बरामद सामाग्रीको विवरण** ६६ वटा पसलबाट

| क्र.सं. | सामाग्रीको नाम | परिमाण |
|---|---|---|
| १ | Mountain Deu 2.25 L | ९ वटा |
| २ | Mountain Deu 500 ml | ६८ वटा |
| ३ | Mountain Deu 250 ml | ४ वटा |
| ४ | Sprite 500 ml | ८ वटा |
| ५ | Sprite 250 ml | ६ वटा |
| ६ | Fenta 2.25 L | २ वटा |
| ७ | Fenta 500 ml | १३ वटा |
| ८ | Fenta 250 ml | ४ वटा |

पूर्ण बहादुर महतराज
अधिकृत स्तर छैठौं

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

| | | |
|---|---|---|
| ९ | Coke 2.25 L | ४ वटा |
| १० | Coke 500 ml | 4४वटा |
| ११ | Coke 250 ml | ८वटा |
| १२ | CHARGED 250 ml | ९ वटा |
| १३ | लिच्ची जुस 170 ml | ८ वटा |
| १४ | फ्रुटी | २८ वटा |
| १५ | Real जुस 200 ml | ३ वटा |
| १६ | Real जुस 500 ml | १ वटा |
| १७ | Badam जुस 180 ml | ८ वटा |
| १८ | Pineapple जुस 250 ml | ७ वटा |
| १९ | ग्रिन चिल्ली सस 650 ml | १ वटा |
| २० | धारा तोरी तेल 500ml | ७ पोका |
| २१ | दुध गंगा 500 ml | १६ पोका |
| २२ | दही अन्नपूर्ण 500 ml | ५ पोका |
| २३ | पानी 100 ml | १५ वटा |
| २४ | पानी 1 L | २ वटा |
| २५ | Red Label Tea 100 gram | १८ वटा |
| २६ | गुलडोज 100 gram | ३६ वटा |
| २७ | कपनिल 225 ml | २ वटा |
| २८ | Lays 42 gram | ६ वटा |
| २९ | Budwieser Beer 650 ml | १५ वटा |
| ३० | Budwieser Beer 350 ml | २ वटा |
| ३१ | Tiger Beer Can | २ वटा |
| ३२ | बेसार | १ पोका |

पूर्ण बहादुर महतराज
अधिकृत स्तर छैठौं

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थरुङ, गोरखा
२०७३

अनुगमन टोलीमा उपभोक्ता हित सँरक्षण समिति सँयोजक एवँ गाउँपालिका उपाध्यक्ष इन्दिरा तिवारी**को नेतृत्वमा** अनुगमन सँयोजक पूर्ण बहादुर गहतराज, बजार अनुगमन समितिका सदस्य ऋषि रोका कृषि अधिकृत राहुल श्रेष्ठ जनस्वास्थ्य निरीक्षक, उद्योग वाणिज्य सँघका गाउँपालिका अध्यक्ष हरी कुमार श्रेष्ठ, उपभोक्ता हित सँरक्षणका क्षेत्रमा क्रियाशिल पत्रकार राजेन्द्र न्यौपाने, ,प्रमुख प्रशासकीय अधिकृत बाबुराम थापा मगर, प्रहरी लगायतको सहभागिता रहेको थियो । अनुगमनका क्रममा पहिलो दिन वडा नम्बर७ र ८ का ४२ वटा पसलमा अनुगमन गरिएको थियो । पसल तथा व्यावसाय दर्ता भए । नभएको एकिन गरिएको थियो । स्थानीय तहमा दर्ता नभएका पसलहरुलाई दर्ता गर्नका लागि अनुरोध गरिएको थियो । अनुगमनका क्रममा म्याद गुज्रेका वस्तुहरु नियन्त्रणमा लिइएको थियो ।

## म्याद गुज्रेका बस्तु बरामद (हाम्रो गोरखा सन्देश २२ असोज)

गोरखा । जिल्लाको शहिदलखन गाउँपालिकाले बजार अनुगमन सुरु गरेको छ । पालिकाको वडा नम्बर ७ र ८ का पसलहरुमा आज अनुगमन गरिएको प्रशासन शाखा प्रमुख पूर्ण बहादुर गहतराजले बताए ।

खाब्दी भन्ज्याङ, गैरी चौतार, पोखरीडाँडा, छापगाउँ, मैलुम लगायतका क्षेत्रमा रहेका किराना पसल, खाजाघर, विजुली पसल, हार्डवयर पसल र औषधी पसलको अनुगमन गरिएको उनले बताए ।

अनुगमनका क्रममा भेटिएका म्याद गुज्रिएका सामग्रीहरु नियन्त्रणमा लिएको अनुगमनका नेता इन्दिरा तिवारीले बताइन । अनुगमनको क्रममा स्थानीय तहमा पसल दर्ता भए नभएको हेरिएको र नगरेको भए समयमै दर्ता गरेर कारोवार गर्न सुझाव प्रदान गरिएको उनको भनाइ छ । नियन्त्रणमा लिएका बस्तुको मुचुल्का उठाएर डिस्पोज गरिने उनको भनाइ छ ।

अनुगमनका क्रममा जुनजन्य पेय पदार्थ, चियापत्ती, ग्लुकोज, बोतलका पानी लगायतका बस्तुहरु म्याद गुज्रेका भेटिएको उनले बताए ।

नागरिकहरुको स्वास्थ्य सुरक्षालाइ ध्यान दिदै पालिकाभित्र रहेका बजारमा रहेका पसलहरुको अनुगमन गरिएको पालिकाले जनाएको छ । स्थानीय तहमा व्यावसाय दर्ता गरेर कारोवार

पूर्ण बहादुर गहतराज
अधिकृत स्तर छैठौं

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थैलङ्ग, गोरखा
२०७३

गर्न समेत पालिकाले सचेत गराएको प्रशासकीय अधिकृत गहतराजले बताए । आज ४१ वटा पसलमा अनुगमन गरिएको उनको भनाइ छ ।
अनुगमनमा जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, पालिका कर्मचारी, उद्योग वाणिज्य सँघका अध्यक्ष,सञ्चारकर्मी र स्थानीय नागरिकहरुको सहभागिता रहेको थियो ।
अनुगमनका कममा २८ प्रकारका बस्तुहरु नियन्त्रमा लिइएको अनुमगनका सँयोजक षूर्ण बहादुर गहतराजले बताए । चाडपर्वका समयमा बजारबाट आउने म्याद गुज्रेका खाद्य वस्तुले नागरिकहरुको स्वास्थ्यमा प्रतिकूल असर पुग्ने हुँदा बजार अनुगमन गरी त्यस्ता वस्तु नियन्त्रणमा लिने काम भएको उनले बताए । यस अघिको अनुगमनमा सचेत गराएर छाडिएको भएपनि अहिले बस्तु बरामद गरिएको र फेरी पनि बजार अनुगमनका क्रममा यस्ता बस्तु भेटिएमा थप कारवाही गर्ने चेतावानी दिइएको उनको भनाइ छ । पालिका भित्र व्यावसाय गर्ने तर स्थानीय तहमा दर्ता नगर्नेलाइ एक हप्ता भित्र व्यावसाय दर्ता गरेर रेकर्ड पालिकामा बुझाउन निर्देशन दिइएको उनको भनाइ छ ।
लाखौ पर्यटक आउने मनकामना क्षेत्रका केही होटेलमा लुकाइ राखिएको अवस्थामा सडेगलेका खानेकुरा भेटिएको र त्यसलाई नियन्त्रणमा लिएको उनको भनाइ छ । पालिका भित्र रहेका ९ वटा वडामा अनुगमन गरिने पालिकाले जनाएको छ ।

**मनकामना ।** गोरखाको शहिदलखन गाउँपालिकाले बजार अनुगमनलाई तीब्र पारेको छ । अनुगमनका क्रममा भेटिएका २८ प्रकारका म्याद गुज्रेका बस्तु पालिकाले बरामद गरेको छ । नागरिकहरुको स्वास्थ्य सुरक्षालाइ ध्यान दिदै पालिकाभित्र रहेका बजारमा रहेका होटल तथा पसलहरुको अनुगमन गरिएको पालिकाले जनाएको छ ।
पालिकाले शनिबार वडा नम्बर २ र ३ को मनकामना बजारमा अनुमगन गरेको हो ।

अनुगमनका क्रममा अधिकांश होटलहरुमा मूल्य सूचि नराखेको, केही ब्यवसायहरु वडामा दर्ता नभएको भेटिएको गाउँपालिका उपाध्यक्ष इन्दिरा तिवारीले बताइन । साथै केही होटलहरुमा बाल मजदुर प्रयोग गरिएको पनि भेटिएको उपाध्यक्ष तिवारीको भनाइ छ ।
अनुगमनका क्रममा म्याद गुज्रिएको पेय पदार्थ कोक,फ्रुटी, डिउ, फ्यान्टा, बडवाइजर बियर लगायत मदिराहरु भेटिएको थियो ।
गाउँपालिकाले म्याद गुज्रिएको खाद्य सामाग्री बिक्री वितरण नगर्न, होटलहरुमा कामदारको रुपमा बालबालिका नराख्न र मूल्य सूची राख्न निर्देशन दिएको र अटेर गरे कारबाही गर्ने चेतावनी दिएको छ । स्थानीय तहमा व्यावसाय दर्ता गरेर मात्र कारोवार गर्न समेत पालिकाले सचेत गराएको छ ।

अनुगमनमा जनप्रतिनिधि,पालिका कर्मचारी,सञ्चारकमी र स्थानीय नागरिकहरुको सहभागिता रहेको थियो । पालिकाले शुक्रबार पनि वडा नम्बर ७ र ८ का पसलहरुमा

पूर्ण बहादुर गहतराज
अधिकृत स्तर छैठौं

अनुगमन गरेको प्रशासन शाखा प्रमुख एवँ अनुगमन सँयोजक पूर्ण बहादुर गहतराजले बताए ।

स्थानीय तहमा दर्ता नगरी व्यापार व्यावसाय नगर्न गाउँपालिकाले निर्देशन दिएको हो । वडा कार्यायलयमा व्यावसाय दर्ता गरेर मात्र व्यावसाय गर्नुपर्ने प्रावधान रहेको छ । अनुगमनको क्रममा भेटिएका अखाद्यबस्तु नियन्त्रणमा लिइएको अनुगमन सँयोजक गहतराजले बताए । अनुगमन निरन्तर चलिरहने उनको भनाइ छ । बजार अनुगमनको क्रममा स्थानीय जनप्रतिनिधि, उद्योग वाणिज्य सँघका इकाइ अध्यक्ष, सुरक्षाकर्मी सञ्चारकर्मी लगायतको सहभागिता रहेको थियो ।

**समाचार लिंकहरु**

https://manasalu.com/2023/10/09/19014/

https://manasalu.com/2023/10/08/18996/

https://www.ichchhakamanafm.org/news/6540

## उपलब्धि :

बजार अनुगमनका क्रमममा व्यापार व्यावसाय गर्नेहरुले स्थानीय तहमा व्यावसाय दर्ता तथा नविकरण समयमै गरेको पाइएन । समयमै दर्ता गराउन सचेत गराइएको छ । २०७५ सालमा दर्ता गरेपछि नविकरण नगर्दा पालिकाको राजश्व दायरामा असर पुगेको देखियो । अनुगमन पछि वडा कार्यालयमा व्यावसाय दर्ता गर्ने क्रम बढेको छ । मनकामना क्षेत्रमा धेरै व्यावसायहरु देखिने तर दर्ता प्रक्रियामा जानेहरु कम देखिन आएको छ । पर्यटक लक्षित कतिपय होटल व्यावसायहरुलाई सस्तो सेवा दिने नाममा बासी सडेगलेको बस्तु बिक्री वितरण गर्ने गरेको पाइयो । बजार क्षेत्रबाट ग्रामिण क्षेत्रमा सामग्री पठाउने क्रममा गाउँमा जस्तो पठाएपनि हुन्छ भन्ने मान्यता ठूला व्यावसायीहरुको रहेको पाइयो । शहिदलखनमा बजार अनुगमन गरी म्याद गुज्रेका सामग्री वरामद गरेपछि स्थानीय व्यावसायीहरु उपभोक्ताहरु समेत सचेत हुन थालेका छन् । कुनै पनि समानको म्याद हेरेर मात्र प्रयोग गर्न सुझाव प्रदान गरिएको छ । अनुगमनका क्रममा व्यावसायी, स्थानीय नागरिकहरु,

पूर्ण बहादुर गहतराज
अधिकृत स्तर छैठौं

गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

सुरक्षाकर्मी, उद्योग वाणिज्य सँघका अध्यक्ष सहितको टोली, सञ्चारकर्मी, विषयगत कार्यालयका कर्मचारीहरुको राम्रो सहयोग रह्यो ।

**सुझाव :**

(१) म्याद सकिएका सामग्री बरामदसँगै जरिवाना रकम समेत असुल गर्नुपर्ने,

(२) वडा तहका जनप्रतिनिधिहरु र कर्मचारी परिचालन गरी वडामा भएका सबै व्यावसायहरु अनिवार्य दर्ता गरी सूचीकरण गर्नुपर्ने, आगामी दिनमा अनुगमनमा जाँदा सूची सहित लिएर जानुपर्ने ।

(३) व्यावसाय दर्ताको न्युनतम शुल्क तोकेर कर तिर्न स्वघोषणा गर्नुपर्ने ।

(४) स्थानीय तहमा उत्पादन भएका वस्तुको विक्री गर्नेलाई करछुटको व्यवस्था गर्नुपर्ने ।

(५) व्यावसाय दर्ता नविकरण असोज मसान्त र ढिलोमा पुष मसान्त सम्म अनिवार्य गरिसक्न सर्कुलर गर्नुपर्ने ।

पूर्ण बहादुर गहतराज
अधिकृत स्तर छैठौं